नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

## झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व चुहावट गरेको कसुरमा तपसलिमा उल्लेखित फर्महरुका संचालक, प्रोप्राईटर तथा मुख्य अभियुक्तहरुबाट ४१ करोड ३ लाख विगो असुल उपर गरी जरिवाना र कैद सजाय समेत हुन मागदावी लिई उच्च अदालत पाटनमा ५ (पाँच) वटा मुद्दा दर्ता गरिएको।

**१. झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने उदयपुर जिल्ला त्रियुगा नगरपालिका -१२ स्थित राउत ट्रेड कन्सर्न (स्थायी लेखा नं. ३०४३१८४७०) का प्रोप्राईटर कमल बहादुर राउत समेत २ जनाबाट रु. ४,१६,४६,१६५।- (अक्षेरुपी चार करोड सोह्र लाख छयालिस हजार एक सय पैसठ्ठी मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७।०८।१६ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

राउत ट्रेड कन्सर्न (स्थायी लेखा नं. (३०४३१८४७०) ले निम्न आर्थिक अवस्था भएका व्यक्तिको नाममा फर्म दर्ता गरि वस्तु तथा सेवा एउटा आयात तथा खरिद देखाइ अर्कै मालवस्तुको झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र विक्री गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरु उदयपुर जिल्ला त्रियुगा नगरपालिका वस्ने प्रोप्राईटर कमल बहादुर राउत र उक्त फर्मको बैंक खाता संचालक गोपाल प्रसाद भट्टराइले झुट्टा तथा नक्कली मु.अ.कर विजक जारी गर्न कै लागि फर्म स्थापना गरी तथा कुनै बस्तु तथा सेवा स्थानीय खरिद तथा आयात निर्यात नगरी मूल्य अभिबृद्धि कर बिजक छपाई, झुट्टा खरिद देखाई विभिन्न फर्महरुलाई विक्री बिजक जारी गरी उक्त फर्महरुबाट कर बिजक बमोजिमको विक्री रकम भुक्तानी लिई सो बिजक मार्फत् असुल गरेको मूल्य अभिबृद्धि कर रकम सरकारी कोषमा दाखिला नगरेको र विभिन्न फर्महरुलाई नक्कली एवं झुट्टा बिजक उपलब्ध गराई जालसाजी गरी मूल्य अभिबृद्धि कर तथा आयकर छलि गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा

३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी **मु.अ.कर तर्फ रु.२,०५,४८,४७५।- र आयकर तर्फ रु. २,१०,९७,६९०।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कूल जम्मा **विगो रु. ४,१६,४६,१६५।- (अक्षरेपी चार करोड सोह्र लाख छयालिस हजार एक सय पैसठ्ठी रुपैया मात्र)** राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त फर्मका प्रोप्राईटर कमल बहादुर राउत तथा उक्त फर्मको बैक खाता संचालक गोपाल प्रसाद भट्टराइलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु. ४,१६,४६,१६५।- (अक्षेरुपी चार करोड सोह्र लाख छयालिस हजार एक सय पैसठ्ठी मात्र)** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७।०८।१६ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

२. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने दोलाखा जिल्ला तामाकोशी गाउपालिका स्थित पि. आर. के. ट्रेड ईन्टरनेशनल (स्थायी लेखा नं ६०५४२८२७२) का प्रोप्राईटर लहुमन (लछुमन) माझीबाट ५,५६,०८,७३८।- (अक्षेरुपी पाँच करोड छपन्न लाख आठ हजार सात सय अड्तीस मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-०८-१६ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको।**

**पि. आर. के ट्रेड ईन्टरनेशनल (स्थायी लेखा नं ६०५४२८२७२)** ले कुनै बस्तु तथा सेवा स्थानीय खरिद तथा आयात नगरी मूल्य अभिबृद्धि कर बिजक छिपाई, झुट्टा खरिद देखाई विभिन्न फर्महरुलाई विक्री बिजक जारी गरी उक्त फर्महरुबाट कर बिजक बमोजिमको विक्री रकम भुक्तानी लिई सो बिजक मार्फत् असुल गरेको मूल्य अभिबृद्धि कर रकम सरकारी कोषमा दाखिला नगरी तथा विभिन्न फर्महरुलाई नक्कली एवं झुट्टा बिजक उपलब्ध गराई जालसाजी गरी मूल्य अभिबृद्धि कर तथा आयकर छलि गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएकोले प्रतिवादीहरु प्रोप्राईटर लहुमन (लछुमन) माझी तथा मुख्य कारोबारी काठमाडौं महानगरपालिका वडा नं. ३४ बस्ने रञ्जन कुमार सिंह र मलगंवा न.पा १२ बस्ने लक्ष्मण रायले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी साहारा एण्ड खातुन ट्रेडर्सले **मु.अ.कर तर्फ रु. १,९१,५२,५५५।- र आयकर तर्फ रु. ३,६४,५६,१८३।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम **कूल जम्मा विगो रु. ५,५६,०८,७३८।- (अक्षेरुपी पाँच करोड छपन्न लाख आठ हजार सात**

**सय अड्तीस मात्र)** राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त **पि. आर. के ट्रेड ईन्टरनेशनलका** प्रोप्राईटर लहुमन(लछुमन) माझी समेत ३ जनालाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु. ५,५६,०८,७३८।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७।०८।१६ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

**३. झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने बारा जिल्ला परवानीपुर स्थित मिनजा इन्टरनेशनल प्रा.लि. (स्थायी लेखा नं ६०४३४२३३५) का संचालक रामवावु साहानीबाट २,१९,१२,३९३।- (अक्षेरुपी दुई करोड उन्नाईस लाख बाह्र हजार तीन सय त्रियानब्बे मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-०८-१६ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको।**

**मिनजा इन्टरनेशनल प्रा.लि. (स्थायी लेखा नं ६०४३४२३३५)** ले कुनै बस्तु तथा सेवा स्थानीय खरिद तथा आयात नै नगरी झुट्टा खरिद देखाई विभिन्न फर्महरुलाई विक्री बिजक जारी गरी उक्त फर्महरुबाट कर बिजक बमोजिमको विक्री रकम भुक्तानी लिई सो बिजक मार्फत् असुल गरेको मूल्य अभिबृद्धि कर रकम सरकारी कोषमा दाखिला नगरी तथा विभिन्न फर्महरुलाई नक्कली एवं झुट्टा बिजक उपलब्ध गराई जालसाजी गरी मूल्य अभिबृद्धि करको राजस्व चुहावटको कसूर गरेको देखिएकोले प्रतिवादीहरु फर्मका संचालक रामवावु साहानी तथा उक्त फर्मको बैक खाता संचालक सर्लाही घर भएका सरोज कुमार मिश्रले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी साहारा एण्ड खातुन ट्रेडर्सले **मु.अ.कर तर्फ रु. २,१९,१२,३९३।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम **विगो रु.२,१९,१२,३९३।- (अक्षेरुपी दुई करोड उन्नाईस लाख बाह्र हजार तीन सय त्रियानब्बे मात्र)** राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त **मिनजा इन्टरनेशनल प्रा.लि.का** संचालक रामवावु साहानी तथा बैक खाता संचालक सरोज कुमार मिश्रलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु. २,१९,१२,३९३।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७।०८।१६ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

४. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने पर्सा वेलवा गा.बि.स. ३ स्थित क्रेटा इन्टरप्राइजेज (स्थायी लेखा नं. ६०४१९९४६७) का प्रोप्राईटर नबिकरिम अन्सारी समेत ३ जनाबाट ८,२४,६०,७६५।** (अक्षरेपीआठ करोड चौविस लाख साठ्ठी हजार सात सय पैसठ्ठी मात्र) **विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७।०८।१६ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको।**

**क्रेटा इन्टरप्राइजेज (स्थायी लेखा नं. ६०४१९९४६७)** ले खरिद, उत्पादन तथा आयात नगरी यस फर्मले झुट्टा तथा नक्कली मू.अ.कर विजक जारी गरी कर विजक मात्र जारी (Only Issue of Tax Invoice) गर्ने गरेको, कहि कतैवाट वस्तु तथा सेवा उत्पादन/स्थानीय खरिद/आयात नगरेको तथा मू.अ.कर विवरणमा तथा आय विवरण समेत दाखिला नगरेको, मालवस्तुको खरिद गरेको भनिएका फर्मलाई बैंक मार्फत भुक्तानी नगरेको तथा आयात नगरी विक्री मात्र गरेको देखिएकोले मालवस्तु हस्तान्तरण नभएको देखिएको साथै मालवस्तुको हस्तान्तरण नभई विजकको मात्र हस्तान्तरण भएको पुष्ठी हुन आएकोले झुट्टा तथा नक्कली मू.अ.कर विजक बनाई राजस्व चुहावट गरी मूल्य अभिबृद्धि कर तथा आयकरको राजस्व चुहावटको कसूर गरेको देखिएकोले प्रतिवादीहरु फर्मका **प्रोप्राईटर नबिकरिम अन्सारी, फर्मको खाता संचालक परमेश्वर साह तथा मुख्य कारोवारी जयकिशोर साहले** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी साहारा एण्ड खातुन ट्रेडर्सले **मु.अ.कर तर्फ रु. २,४८,०४,४२८।- र आयकर तर्फ रु. ५,७६,५६,३३७।-** राजस्व चुहावटगरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम **जम्मा विगो रु. ८,२४,६०,७६५/- (अक्षरेपी आठ करोड चौबीस लाख साठी हजार सात सय पैसठ्ठी रुपैया मात्र)** राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त **क्रेटा इन्टरप्राइजेज (स्थायी लेखा नं. ६०४१९९४६७) का प्रोप्राईटर नबिकरिम अन्सारी समेत ३ जनालाई** उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु. ८,२४,६०,७६५।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७।०८।१६ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

५. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने धनुषा, रघुनाथपुर ४ स्थित करदाता रमण कन्स्ट्रक्सन प्रा.लि. (स्थायी लेखा नं.३०००७९७११) ले २०,८७,६४,६२९।- (अक्षरेपि बिस करोड सतासी लाख चौसट्ठी हजार छ सय**

**उनन्तिस मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-०८-१६ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको।**

**रमण कन्स्ट्रक्सन प्रा.लि. (स्थायी लेखा नं.३०००७९७११)** ले वस्तु तथा सेवाको खरिद नगरी झुठ्ठा तथा नक्कली बिक्री बीजक मात्र लिई त्यस्ता बीजकबाट खरिद देखाई गैरकानूनी कार्य गरी राजस्व चुहावट गरेको पुष्ठी हुन आएकोले झुट्टा तथा नक्कली मू.अ.कर विजक बनाई राजस्व चुहावट गरी मूल्य अभिबृद्धि कर तथा आयकरको राजस्व चुहावटको कसूर गरेको देखिएकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी रमण कन्स्ट्रक्सन प्रा.लि.ले **मु.अ.कर तर्फ रु. ७,००,५४,७०९।-, आयकर तर्फ रु.१२,११,३६,९९८।- र लाभांस कर तर्फ रु. १,७५,७२,९२१।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम **जम्मा विगो रु. २०,८७,६४,६२९।- (अक्षेरेपि बिस करोड सतासी लाख चौसट्ठी हजार छ सय उनन्तिस मात्र)** राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त **रमण कन्स्ट्रक्सन प्रा.लि. (स्थायी लेखा नं.३०००७९७११) का संचालक समेतलाई** उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) बमोजिम सजाय हुन माग दावी लिई मिति २०७७।०८।१६ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**